**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 10.11.2025

## सम्दुप लेप्चाले सिक्किमका राज्पालालाई भेटे

समाज कल्याण, महिला, बालबालिका वरिष्ठ नागरिक तथा दिव्यांगजन कल्याण विभागका मन्त्री सम्दुप लेप्चाले आज राजभवनमा सिक्किमका राज्यपाल ओमप्रकाश माथुरलाई भेट्नु भयो।

राज्यपालले विशेष आवश्यकता भएका व्यक्तिहरूको लागि खेलकुद, प्रशिक्षण र समावेशी विकासलाई प्रवर्द्धन गर्न आर्थिक सहायताको रूपमा विशेष ओलम्पिक भारत च्याप्टरलाई 5 लाख रूपैयाँको चेक हस्तान्तरण गर्नुभयो।

## पाकिम जिल्ला पदयात्राको लागि सरदार@150 युनिटी मार्च सबंधी पत्रकार सम्मेलन प्रेस क्लब अफ सिक्किम, गान्तोक आयोजित

पाकिम जिल्ला पदरयात्राको लागि सरदार@150 युनिटी मार्च संबधी पत्रकार सम्मेलन आज प्रेस क्लब अफ सिक्किम, गान्तोकको सम्मेलन हलमा आयोजना गरियो।

भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालय, माई भारत गान्तोकका उपनिर्देशक मंगल जाखरको उपस्थितिमा पत्रकार सम्मेलन आयोजना गरिएको थियो।

सरदार @150 युनिटी मार्च जिल्ला स्तरीय पदयात्रा भारतका लौहपुरूष र राष्ट्रिय एकीकरणका अग्रणी शिल्पकार सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्ती मनाउन राष्ट्रव्यापी पहलको एक भागको रूपमा आयोजना गरिएको छ।

बाइट..

## मंगन जिल्लाका EROs, AEROs, BLO पर्यवेक्षकहरू र BLO हरूको SIR अघि प्रशिक्षण

विशेष गहन पुनरीक्षण (SIR ) अघि निर्वाचन दर्ता अधिकारी, सहायक निर्वाचन दर्ता अधिकारी, बुथ स्तर अधिकारी पर्यवेक्षक र बुथ स्तर अधिकारीहरूको लागि आज DAC मंगनस्थित निर्वाचन हलमा एक दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। भारतको

निर्वाचन आयोगको निर्देशनमा सिक्किमको मुख्य निर्वाचन अधिकारीको कार्यालयले यो प्रशिक्षण स्ञ्चालन गरेको थियो।

ई –रोल 2002 मा सूचीबद्ध मतदाताहरू र उनीहरूका उत्तराधिकारीहरूको आगामी घर- घर फिल्ड प्रमाणीकरण र नक्साङ्कनको तयारीको लागि भारतको निर्वाचन आयोगको निर्देशन अनुसार यो सत्र सञ्चालन गरिएको थियो।

**निति आयोगका राज्य नोडल अधिकारीको आकांक्षी ब्लक नाम्चीको भ्रमण**

नाम्चीको आकांक्षी ब्लकका लागि नीति आयोगकी राज्य नोडल अधिकारी शरणा चक्रवर्तीसँग समीक्षा र समन्वय बैठक आज डीएसी नाम्चीको चेम्बरमा जिल्लापाल (नाम्ची) अनुपा तामलिङ र लाइन विभागका अधिकारीहरूसँग आयोजना गरियो।

स्वास्थ्य र पोषण, शिक्षा, सामाजिक विकास, कृषि र सम्बद्ध सेवाहरू र आधारभूत पूर्वाधार गरी पाँच क्षेत्रहरूमा विभिन्न केपीआई अर्थात (प्रमुख कार्यसम्पादन सूचकहरू) को प्रगति मूल्याङ्कन गर्न बैठक बसेको थियो।

**सिक्किम माछा उत्पादन आत्मनिर्भरताको लागि प्रयासरत छ**

सिक्किममा ऊँचाईमा रहेका क्षेत्रहरूमा माछापालनको विशाल सम्भावना छ र राज्य सरकारले यसलाई स्थानीय किसानहरूको लागि अग्रणी क्षेत्र बनाउन काम गरिरहेको छ। यो कुरा हिजो मंगनमा आयोजित माछापालन विकास सम्बन्धी जिल्लास्तरीय जाजरूकता कार्यक्रममा प्रकाश पारिएको थियो। क्षेत्रीय तालिम केन्द्र, कोलकता, भारत सरकारको मत्स्यपालन विभाग र सिक्किम सरकारको मत्स्यपालन विभागले संयुक्त रूपमा माछापालनलाई प्रवर्द्धन गर्ने र माछा उत्पादकहरूमाझ जागरूकता सिर्जना गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै, मत्स्यपालन विभागका सल्लाहकार अम प्रसाद शर्माले भने कि सिक्किमका किसानहरू बढ़ि मूल्यको मछली बाजार को फाइदा उठाउन सक्छन् र राज्यको प्राकृतिक फाइदाहरूलाई आर्थिक अवसरमा परिणत गर्न सक्छन्। मत्स्यपालनका अतिरिक्त निर्देशक सी. एस. राईले माछापालकहरूलाई सहयोग गर्न उपलब्ध विभिन्न सरकारी योजनाहरूमाथि प्रकाश पारे ।

**गेजिङ लोक नाथ शर्मा**

सिक्किम सरकारका जनस्वास्थ्य तथा अभियान्त्रिकी विभागका सल्लाहकार तथा गेजिङ बर्मेक निर्वाचन क्षेत्रका विधायक लोक नाथ शर्माले गेजिङ बर्मेक निर्वाचन क्षेत्रको भर्फोक चन्दाबुङ

ग्राम प्रशासन केन्द्रमा भिएलडब्लु केन्द्रको उद्धाटन गरि स्थानीय नागरिकहरूलाई हस्तान्तरण गरेका छन्।